# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, साउन १ गते २०४० साल (अतिरिक्ताङ्क १३ + (घ)

श्री ५ को सरकार

उद्योग मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा १० को खण्ड (ग) को उपखण्ड (४) को प्रयोजनको लागि देहायका उद्योगहरूको उत्पादनमा अन्तःशुल्क छुट नदिने गरी तोकेको छ ।

१) (क) आधुनिक (सेलर) बाहेकको चामल मिल ।

(ख) आधुनिक बाहेकको तेल, मैदा, दाल मिल ।

२) स्टेनलेस स्टीलका भाँडा वर्तन र अन्य सामान ।

३) जीप फास्नर ।

४) बहुमूल्य ढुङ्गा तथा जवाहिरात कटिङ पोलिशिङ ।

५) कत्था र टेनिन ।

६) चुरोट, सिगार, बिडी र सूर्तिबाट बनेका अन्य सामानहरू ।

७) (क) सबै प्रकारका मादक पदार्थयुक्त पेय पदार्थ मदिरा, वियर, छ्याङ (दुर्गम क्षेत्रमा फलफूलबाट निर्मित्त मदिरा बाहेक) ।

स्पष्टीकरणः–

यस खण्डको प्रयोजनको लागि देहायका जिल्लाहरूलाई दुर्गम क्षेत्र मानिनेछ ।

| | | | |
|---|---|---|---|
| १) हुम्ला | २) मुगु | ३) जुम्ला | ४) डोल्पा |
| ५) कालिकोट | ६) मुस्ताङ | ७) मनाङ | ८) रसुवा |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९) सोलुखुम्बू १०) ताप्लेजुङ ११) संखुवा सभा १२) दार्चुला
१३) बाजुरा १४) बझाङ १५) बागलुङ १६) पर्वत
१७) म्याग्दी १८) अछाम

(ख) सबै प्रकारका मादक पदार्थरहित पेय पदार्थ (घरेलु स्तरका बाहेक)।

८) शृङ्गार प्रशोधन (कस्मेटिकस्)।

९) तरल पेट्रोलियम ग्यास।

१०) क्राउन कर्क।

११) चिरानी काठ (स:मील)।

१२) जडान वा अन्य प्रक्रियाबाट उत्पादित

(क) टेप रेकर्डर, क्यासेट टेप, क्यासेट प्लेयर, घडी, क्यालकुलेटर, ग्रामोफोन, रेडियो, ट्रान्जिष्टर, टु अथवा थ्री इन वन।

(ख) विद्युत्‌बाट चल्ने कोठा तताउने हिटर, टोष्टर, मिक्शर, कुकर, ग्राइन्डर, जुसर, हेयर ड्रायर र उपरोक्त प्रकारका अन्य सामानहरू।

१३) सिन्थेटिक यार्न (एक्रिलिक यार्न समेत) र सोमा आधारित उत्पादन।

१४) ईंट (विद्युत्‌शक्तिको प्रयोग नगरी चिम्नी भट्टाबाट उत्पादित)।

खण्ड ३१ मिति २०३८।८।२९ संख्या ३५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यससम्बन्धी सूचना खारेज गरिएको छ।

आज्ञाले,
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।